२०७५।१२।२८

३०औं, बैठक

आज मिति २०७५।१२।२८ गते बिहिबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको अस्थायी सम्पर्क कार्यालय मेघेचौरमा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति:

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री अर्जुन खड्का | सदस्य सचिव | |

बैतेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाँडुडाँडा, दोलखा
३ नं. प्रदेश, नेपाल
२०७३

निर्णय नं.(१) प्रदेश सरकार प्रदेश नं. ३, आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. २०७५/७६ च.नं. ८६ मिति २०७५/१२/८ को समपूरक थप योजना, आ.व. २०७५/२०७६ ~~को~~ मा समपूरक समपूरक अनुदान प्रदान गरिने थप योजनाको विवरणमा समावेश भएको बुँदा नं. ११.५ १२ मा बैतेश्वर गाउँपालिकाको, यार्सा मैनापोखरी, फाँटु, नाम्दु खानेपानी योजना, प्रदेश सरकारले व्यहोर्ने रकम रु १०००००००। एक करोड, गोफी, गोर्पीया, गौरीमुढी, ओरमाने, सडक योजनाको रु १०००००००। एक करोडको डि.पि.आर. तयार गरी लागत सहभागितामा आ.व. २०७६/०७७ मा समपूरककोष को विनियोजन गर्ने गरी टेण्डर/खरिद प्रक्रिया यथाशीघ्र अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. (२)

हनुमन्तेश्वर एकिकृत गुरु योजना, को लागी ३ नं. प्रदेश प्रदेश सरकार बाट प्राप्त अनुदान तर्फ रु ५०,०००००। पचास लाख विनियोजन भै, योजना कार्यान्वयन नभएको अवस्था मिति २०७५/१०/२२ को कार्यपालिका बैठक नि.नं. ४ मा रकम विभाजन गरिएकोमा सो को कार्यान्वयन नगरी विनियोजन सबै रकम बाट डि.पि.आर. तयार गरी टेण्डर प्रक्रियामा अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. (३)

पशु सेवा केन्द्र (क) मैनापोखरी बाट यस गाउँपालिकाको वडा नं. १-८ मा पशु सेवा नपुग भएकोले वडा नं. १,२,३ को कृषक हरुको पशुपालनमा न्यूनतम सेवा पुर्याउनको लागी, बैतेश्वर गाउँपालिका वडा नं. २ मा पशुसेवा ~~केन्द्र~~ केन्द्र स्थापना गरी सेवा सुचारु गर्न आवश्यक व्यवस्था मिलाउन प्र.प्र.अ. लाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. (४)

६० वर्ष उमेर पुरा भएका जेष्ठ नागरिक परिचय पत्र वितरणको कार्य बैतेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाट प्रमुख प्रशासकिय अधिकृत बाट प्रमाणित गरि प्रदान गरि आएकोमा आज पछि ~~वड~~ वडा कार्यालय हरु बाट वडा सचिव हरुलाई जेष्ठ नागरिक परिचय पत्र प्रमाणीत गरी जारी गर्ने अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो

पहुँडाँडा, दोलखा
३ नं. प्रदेश, नेपाल
२०७३

निर्णय नं (५)

लामोसाँगु जिरी सडक अन्तरगत सडकको केन्द्र रेखा बाट १५/१५ मिटर सडक माप ५०८ भएको, नेपाल सरकार को सूचना बमोजिम सडक केन्द्र रेखा देखी १५ मिटर १५मिटर देखी ६ (६) मिटर सेट ब्याग छाडी घर निर्माण गर्नको लागी सार्वजनिक सूचना जारी हुनुभन्दा पहिले सडक को अधिकार क्षेत्र केन्द्र रेखाबाट १५ (पन्ध्र) मिटर छाडी निर्माण गरेका आ.व. २०७५/फाल्गुण मसान्त सम्म निर्माण भएका घर हरुको सडक केन्द्र बाट छाड्नु पर्ने दुरी एकिन भए नभएको एकिन गरि, साविक स्थानिय निकाय बाट तत्कालको प्रकृया बाट घरहरुको नक्सा स्वीकृत गराई नक्सा पास गरेको भएका सो संरचनाको पुन: शुल्क नलिने, कोही कसैले, शुरु नक्सा स्वीकृत गराएको तला संख्या मा थप भएकोमा प्रचलित नियमले थप शुल्क लिई पुरानो घरको नक्सा स्वीकृत गरिदिन प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने, निर्णय गरियो।

निर्णय नं. (६)

जिल्ला समन्वय समीती, मा रहेको जिल्ला सभाको कोष बाट स्थानिय तहहरुमा बाँडफाँड भएको रु ३८,०००००/- अठतिस लाख मध्ये निम्न निर्माणाधिन योजनाहरुमा सहभागीता (समपुरक) बमोजिम लागत इष्टिमेट तयार गरी सम्झौता गराउन प्रतिनिधि पठाउने निर्णय गरियो।

तपसिल

| | | |
|---|---|---|
| (१) | बुत्तीपुतली कालिका ~~[illegible]~~ सडक | रु १५०००००/- |
| (२) | सामेफुलो सिम टार खानेपानी वडा नं. ८ | रु ५०००००/- |
| (३) | डाडागाउँ | रु ५०००००/- |
| (४) | हिरि मन्दिर वडा नं. ४ | रु ५०००००/- |
| (५) | ५ नं. वडा कार्यालय भवन | रु २०००००/- |
| (६) | नाम्दु फाँडडाडा सडक | रु ५०००००/- |

निर्णय नं. (७)

जिल्ला समन्वय समितिको कार्यालय, दोलखाको मिति २०७५/११/०८ च.नं. ३९८ को पत्रको सन्दर्भमा आजको कार्य पालिका बैठकमा छलफल गर्दा, जिल्ला समन्वय समिति बाट उक्त पत्र साथ संलग्न राखि पठाएको मौ.पु.को सक्कलै फाइलमा बेरुजु विवरणको बुँदा नं. ४ बमोजिमको प्रकृया पुरा गरि, सोही विवरणको बुदा नं ५ बमोजिमको क्षतिपूर्तिको रकम एकिन गरि थप कार्यान्वयनको निर्देशन पठाई दिन जि.स.स. दोलखालाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं०(८) प्रदेश सरकार, प्रदेश नं० ३ बाट प्राप्त अनुदान अन्तर्गत नारद् कोश्रया, पिप्लेती, बोड्डा सडक, टेण्डर भै सकेको टेण्डरको सम्झौता बमोजिमको रकम बाहेक बाँकी रकम सोही सडक खण्डको टेण्डरमा नपरेका गर्ने बाँकी कामको लागत इस्टिमेट तयार गरी उपभोक्ता समिति मार्फत काम गराउने निर्णय गरियो।